# व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धी महत्वपूर्ण जानकारी




## लिखु पिके गाउँपालिका

पञ्जीकरण सेवा इकाईको कार्यालय

चौंलाखर्क, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

# व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धी महत्वपूर्ण जानकारी

## लिखु पिके गाउँपालिका

पञ्जीकरण सेवा ईकाइको कार्यालय

चौंलाखर्क, सोलुखुम्ब

कोशी प्रदेश, नेपाल

# व्यक्तिगत घटना दर्ता सम्बन्धी जानकारी

१. **व्यक्तिगत घटना दर्ता के हो ? किन अनिवार्य दर्ता गराउनुपर्छ ?**

उत्तर : व्यक्तिगत घटना दर्ता भन्नाले राज्यमा बसोबास गर्ने प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता व्यक्तिगत घटना स्थायी ठेगाना भएको वडा कार्यलयमा दर्ता गर्ने कार्य हो ।

यस्ता घटना दर्ता गर्नु र गराउनु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । यो व्यक्ति पहिचानको पहिलो आधार भएकाले नेपाल सरकारले अनिवार्य गरेको छ । यस्ता घटना घटेको ३५ दिनभित्र निःशूल्क रूपमा दर्ता गर्न सकिन्छ जस अनुरूप राज्यको कुल जनसङ्ख्याको अद्यावधिक र जनसांख्यिक वितरणको अवस्था र तथ्याकंको जानकारी सही रूपामा प्राप्त गर्न सकिन्छ ।

२ . **घटना दर्ताको सूचना दिनुपर्ने कर्तव्य रहेको व्यक्ति नभएको अवस्थामा कसलाई सूचक राख्ने** ?

उत्तरः घटना दर्ता गर्दा एकाघरका १८ वर्ष उमेर पुगेका नागरिकले जन्म, मृत्यु, बसाई सराई घटनाको सूचकको रूपमा रहन सक्छ । विवाहमा पति र पत्नी दुवै आवश्यक पर्दछ । सम्बन्ध विच्छेदको हकमा पति वा पत्नी मध्ये एक रहन सक्छन् ।

यदि माथि सूचक नभएमा प्रचलित कानुन बमोजिम संरक्षक वा माथवर वा दुवै समेत नभएमा सम्बन्धित वडाको वडाध्यक्ष सूचक भई घटना दर्ता गराउन सकिन्छ।

३. **व्यक्तिगत घटना दर्ताको अभिलेख नभएमा कसरी नक्कल दिन सकिन्छ ?**

उत्तरः व्यक्तिगत घटना दर्ताको अभिलेख वडा कार्यालयमा नभएको अवस्थामा सो घटना दर्ताको सूचना फाराम वा प्रमाणपत्रको प्रतिलिपि अन्यत्र कुनै निकायमा रहेमा सो को आधारमा अभिलेख तयार गर्न सकिन्छ वा नियमावलीको नियम २१ को उपनियम ४ बमोजिम प्रतिलिपि खडा गर्न सकिने व्यवस्था रहेको छ।

४. **सबै प्रकारका व्यक्तिगत घटना कहाँ र कहिले दर्ता गराउनु पर्दछ ?**

उत्तरः व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको वडा कार्यालयमा दर्ता गराउनु पर्दछ वा घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र निःशूल्क रूपमा घटना दर्ता गराउन सकिन्छ।

५. **व्यक्तिगत घटना स्थानीय वडामा दर्ता गर्ने दायित्व कसको हुन्छ ?**

उत्तरः सबै प्रकारका व्यक्तिगत घटना आवश्यक कागजपत्र तथा प्रमाणका आधारमा दर्ता गराउने दायित्व सम्बन्धित व्यक्ति र स्थानीय पञ्जिकाधिकारीको रहनेछ।

**६. व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन २०३४ जारी हुनु भन्दा अघि घटेका घटना कसरी दर्ता गराउन सकिन्छ ?**

उत्तरः घटना दर्ता गर्ने ऐन, २०३४ जारी हुनु भन्दा अघि घटेका घटना तथा सम्बन्धित जिल्लामा घटना दर्ता लागू हुनु भन्दा अघिको घटना दर्ता गरी प्रमाण पत्र जारी गर्न मिल्दैन। यस्ता घटनाको हकमा व्यक्तिले सम्बन्धित वडामा गई वडाध्यक्षबाट घटना प्रमाणित गराउन सकिन्छ।

**७. व्यक्तिगत घटना दर्ता गर्न किन नागरिकता आवश्यक पर्दछ ?**

उत्तरः सबै प्रकारका व्यक्तिगत घटना दर्ता गर्न, सूचक आधिकारिक र जिम्मेवार हुनुपर्ने भएकाले सूचकको स्पष्ट परिचय, उमेर र प्रमाणका रूपमा नागरिकता आवश्यक पर्ने हुन्छ।

**८. व्यक्तिगत घटना दर्ताको प्रतिलिपि माग गरेमा कसरी प्रदान गर्ने ?**

उत्तरः घटनासँग सम्बन्धित व्यक्तिले निवेदन दिई व्यक्तिगत घटनाको प्रतिलिपि माग गरेमा वडा कार्यालयमा रहेको अभिलेखको आधारमा रुजु गरी स्थानीय पञ्जीकाधिकारीले प्रतिलिपि जारी गर्न सक्छ ।

९. **व्यक्तिगत घटना दर्ता गराउन स्थानीय तहको वडाको दायित्व के रहन्छ ?**

उत्तरः सबै प्रकारका व्यक्तिगत घटना दर्ता गराउँदा व्यक्तिलाई सूचना फाराम भर्न लगाउने, आवश्यक कागजपत्र माग गरी रुजु गर्ने, नियमानुसार घटना दर्ता गर्ने, अभिलेख राख्ने तथा प्रमाणपत्र जारी गर्ने दायित्व स्थानीय तहको हुन्छ । घटना दर्ताको महत्व, प्रक्रिया र विलम्ब शुल्कबारे नागरिकलाई जानकारी गराउने दायित्व समेत स्थानीय तहको हुनेछ ।

१०. **व्यक्तिगत घटना दर्ता गर्ने व्यक्तिको कर्तव्य के रहन्छ ?**

उत्तरः व्यक्तिगत घटना दर्ता गर्ने व्यक्ति वा सूचकले सूचना फाराममा दिईएको विवरण सही रूपमा भर्ने, आवश्यक कागजपत्रको सक्कल तथा प्रतिलिपि बुझाउने, विलम्ब शूल्कबाट बच्न ३५ दिनभित्रै घटना दर्ता गराउने र प्राप्त प्रमाणपत्रमा भएका विवरण सही रूपमा जाचँ गरेर मात्र प्रमाणपत्र जस्ता कर्तव्यमा पर्दछन् ।

११. **झुटा विवरण पेश गरी व्यक्तिगत घटना दर्ता गरेमा के गर्नुपर्छ ?**

उत्तरः कुनै पनि व्यक्तिले झुटा विवरण पेश गरी दर्ताको प्रमाणपत्र लिएको पाईएमा वा प्रमाणित भएमा स्थानीय अधिकारी (प्रमुख जिल्ला अधिकारी) बाट ऐनको दफा २४ बमोजिम त्यस्तो घटना दर्ताको प्रमाणपत्र तत्काल रद्द हुन्छ। त्यसको जानकारी सम्बन्धित वडालाई दिनुपर्छ। झुटा विवरण दिने सूचक र सिफारिस गर्ने व्यक्तिलाई कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्नुपर्दछ।

**व्यक्तिगत घटना दर्ताः**

**जन्म दर्ता**

१२. **जन्म दर्ता गर्न आवश्यक कागजपत्रहरू के के हुन् ?**

उत्तरः कुनै पनि व्यक्तिको जन्मदर्ता गर्न देहाए बमोजिमका कागजपत्र आवश्यक पर्दछ।

- आमा वा बाबुको नागरिकताको प्रतिलिपि,
- स्वास्थ्य संस्थामा जन्म भएको भए उक्त संस्थाबाट उपलब्ध गराएको जन्म प्रमाणित कागज, वा खोप कार्ड

➢ घरमा जन्म भएको हकमा खोप लगाएको कार्ड आवश्यक पर्दछ ।

यदि बाबु वा आमा वेपत्ता भएका वा ठेगाना थाहा नभएको भए सो सम्बन्धी अदालतको आदेश, मानव अधिकार आयोगको प्रतिवेदन वा प्रहरी प्रतिवेदन आवश्यक पर्दछ ।

१३. **जन्मदर्ताको सूचक को को हुन्छन् ?**

उत्तरः बच्चाको जन्म दर्ता गर्दा आमा वा बाबु वा परिवारको १८ वर्ष उमेर पुगेको सदस्य सूचक बन्न सक्नेछन् ।

१४. **बच्चा जन्मिएको कति दिनभित्र जन्मा दर्ता गर्नुपर्दछ ?**

उत्तरः बच्चा जन्मिएको ३५ दिनभित्रै घटना दर्ता गराउनुपर्दछ । घटना भएको ३५ दिनपछि नियमानुसार विलम्ब शूल्क लाग्नेछ

१५. **आमा विदेशी भएको हकमा जन्म दर्ता कसरी गर्ने ?**

उत्तरः बच्चाको आमा विदेशी भएमा विदेशी भएको प्रमाणसहित उसको बुबाको नेपाली नागरिकताको आधारमा बाबु सूचक रहेर जन्म दर्ता गराउन सकिन्छ । यदि आमाको विवाह दर्ता भएको वा नागरिकता भएमा सोही अनुरूप सूचक रहेर दर्ता गराउन प्रावधान समेत रहेको छ ।

१६. **बच्चाको बुबाको ठेगाना पत्ता नलागेमा जन्म दर्ता कसरी गर्ने ?**

उत्तरः बच्चाको बाबुको ठेगाना पत्ता नलागेमा र अत्तोपत्तो नभएमा, वेपत्ता भएको भन्ने आधिकारिक निकायबाट जारी भएको प्रमाणका आधारमा आमाले आफ्नो माईती तर्फको थर ठेगाना राखेर जन्म दर्ता गराउन सकिन्छ।

१७. **बाल विवाह वा बहुविवाह बाट बच्चा जन्मिएमा जन्म दर्ता कसरी गर्ने ?**

उत्तरः मुलुकी देवानी संहिता,२०७४ बमोजिम वहु विवाह दर्ता नहुने प्रावधान रहेको छ। वालविवाहको हकमा २० वर्ष पुगेपछि मात्रै, उमेर पुगेको मितिमा विवाह दर्ता गर्न सकिन्छ। तर बच्चा जन्मिसकेको अवस्थामा आमा बाबु दुवैको उपस्थितिमा बाबु सूचक भएर जन्म दर्ता गराउन सकिन्छ।

१८. **अनाथ वा असाहृय बालबालिकाको जन्म दर्ता कसरी गर्ने ?**

उत्तरः अनाथ तथा असहायको हकमा सम्बन्धित व्यक्तिले प्रचलित कानुन बमोजिम संरक्षक वा माथवर वा त्यस्तो व्यक्ति नभएमा स्थानीय तहको वडाध्यक्ष सूचक बनेर जन्म दर्ता गर्न सकिन्छ।

१९. **धर्मपुत्र वा धर्मपुत्रीको जन्म दर्ता कसरी गर्ने ?**

उत्तरः पति वा पत्नी वा दुवैको तर्फबाट धर्मपुत्र वा धर्मपुत्री राखिएकोमा दुवै जना सूचक रही जन्म दर्ता गराउन सकिन्छ ।

२०. **विदेशमा जन्मिएको बच्चाको जन्म दर्ता कसरी गराउने ?**

उत्तरः विदेशमा बच्चा जन्मिएमा सम्बन्धित देशमा रहेको नेपाली दुतावासबाट उक्त बच्चा जन्मिएको प्रमाणपत्र प्रमाणित गरी नेपाल आएको ३५ दिनभित्र आफ्नो स्थायी ठेगाना रहेको स्थानीय वडामा गई दर्ता गराउन सकिन्छ ।

२१. **कारागारमा जन्मिएको बच्चाको जन्मदर्ता कसरी गर्ने र कस्ता कागजात आवश्यक पर्दछ ?**

उत्तरः कारागारमा बच्चा जन्मिएमा सम्बन्धित कारागारको प्रमुखले सूचना फाराम प्रमाणित गरी सम्बन्धित स्थानीय पञ्जिकाधिकारी कार्यालयमा पठाई सो वडा कार्यालयबाट जन्म दर्ता गराउन सकिन्छ ।

## विवाह दर्ता

२२. **विवाह दर्ता भनेको के हो ?**

उत्तरः विवाह दर्ता भन्नाले प्रचलित कानुन बमोजिम २० वर्ष उमेर पूरा भई वैवाहिक सम्बन्ध कायम भएका पुरुष र महिलाले स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा श्रीमान् श्रीमतीको रूपमा स्वीकार गरी दर्ता गरिएको घटना दर्तालाई बुझिन्छ ।

**२३. विवाह दर्ता गर्न आवश्यक कागजपत्रहरू के के हुन् ?**

उत्तरः स्थानीय वडामा विवाह दर्ता गराउँदा देहाए बमोजिमका कागजपत्र आवश्यक पर्दछन् ।

- दुलाहा दुलहीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा राष्ट्रियता खुल्ने कागज ।
- दुलाहा वा दुलही दुवैको हालै खिचेको अटो साईजको फोटो,

यदि अदालतबाट नाता कायम भएको अवस्थामा वा दुलाहा वा दुलहीमध्ये कुनै एक नभएमा अदालतबाट भएको नाता कायमको कागज पेश गर्नुपर्दछ ।

**२४. विवाह दर्ताको सूचक को को हुन्छन् ?**

उत्तरः विवाह दर्ता गर्न पति र पत्नी दुवै सूचक बन्न सक्दछन् । यदि दुई मध्ये कुनै एक उपस्थित हुन नसकेमा अनुपस्थित हुनेले अधिकृत वारेसनामा लिई दर्ता गराउन सकिनेछ ।

**२५. विवाह् दर्ता नगरी पति वा पत्नी वेपत्ता भएमा कसरी विवाह् दर्ता गर्ने ?**

उत्तरः विवाह दर्ता नभई पति वा पत्नी बेपत्ता भएमा अदालतबाट पति पत्नी नाता कायम भएका निर्णयका आधारमा विवाह दर्ता गराउन सकिन्छ।

**२६. पति वा पत्नीले विवाह् दर्ता गर्न ईन्कार गरेमा कसरी दर्ता गर्ने ?**

उत्तरः कसैले विवाह दर्ता गर्न ईन्कार गरेमा, पति वा पत्नी मध्ये पीडितले जिल्ला अदालतमा उपस्थित भई पति वा पत्नीको नाता कायम गरी पाँऊ भनि निवेदन दिनुपर्नेछ। सो निर्णयकृ आधारमा कुन विवाह दर्ता गर्न सकिन्छ।

**२७. विवाह दर्ता गर्नु पूर्व पति वा पत्नीको मृत्यु भएमा के गर्ने ?**

उत्तरः विवाह दर्ता गर्नु पूर्व पति वा पत्नीको मृत्यु भएमा विवाह प्रमाणित गरी पति पत्नीको नाता कायम गराउनु पर्दछ।

**२८. बाल विवाह वा बहु विवाह् दर्ता गर्न किन हुँदैन ?**

उत्तरः मुलुकी देवानी संहिता २०७४ अनुसार बालविवाह र बहुविवाह कानुनतः दर्ता नहुने गरी र वाल विवाहको

हकमा दुवै केटा केटीको उमेर २० वर्ष पूरा गरेर मञ्जुर भई आएमा दर्ता गर्न सकिन्छ ।

२९. **नेपाली नागरिकले विदेशी नागरिकसँग विवाह गरेमा कसरी विवाह दर्ता गर्ने ?**

उत्तरः नेपाली नागरिकले विदेशी नागरिकसँग विवाह गरेको हकमा अदालतबाट दर्ता विवाह गरे पश्चात दुवै स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गएर विवाह दर्ता गर्न सकिनेछ ।

विदेशी नागरिकको हकमा सम्बन्धित देशको नेपालस्थित दुतावास वा सो व्यक्तिको देशको नियोगले सिफारिस गरेको कागजात लिएर जानुपर्दछ ।

३०. **बसाई सराई**

**बसाई सराई दर्ता गर्न आवश्यक कागजपत्रहरू के के हुन् ?**

उत्तरः बसाई सराई गरेर जाँदा वा आँउदा आवश्यक पर्ने कागजात देहाए अनुसार पर्दछन् ।

**जाँदा**

- बसाई सराई गरेर जाँदा सूचकको नागरिकताको प्रमाणपत्र,
- परिवारको सबै सदस्यको नागरिकता (भएमा)

र

- ➢ लगत हस्तान्तरण फाराम आवश्यक पर्दछ ।

**आँउदा**

- ➢ बसाई सराई गरेर आँउदा घरमुली वा सूचकको नागरिकता
- ➢ लगत हस्तान्तरण फाराम

३१. **बसाई सराई दर्ताको सूचक को को हुन्छन् ?**

उत्तरः बसाई सराई गरेर जाँदा वा आँउदा परिवारको सदस्यको मुख्य व्यक्ति घरमुली वा नभएमा परिवारको १८ वर्ष उमेर पुगेको सदस्य सूचकको रूपमा रहन सक्दछन् । यस्ता सूचकले सम्बन्धित वडामा गई आफ्नो विवरण सही रूपमा दिनुपर्दछ ।

३२. **बसाई सराई दर्ता नगरी बेवास्ता गरेमा के हुन्छ ?**

उत्तरः बसाई सराई दर्ता नगरी गएमा वा आएमा, नागरिक बसोबास गर्ने स्थानीय तहबाट प्राप्त गने सेर्वा लिने प्रदानसेवा सुविधाबाट बञ्चित हुन सकिन्छ ।

३३. **परिवारमा १८ वर्ष उमेर पुगेको एक जना सदस्यको मात्र बसाई सराई गर्न मिल्छ वा मिल्दैन ?**

उत्तरः परिवारको कुनै एक सदस्यले मात्र बसाई सराई गर्न

मिल्छ तर सो व्यक्तिसगँ सम्बन्धी सबै घटना दर्ता अनिवार्य दर्ता भएको हुनुपर्नेछ र स्वयं व्यक्ति सूचक हुनुपर्छ।

३४. **बसाई सराई गरेको कति समयमा दर्ता गराउनु पर्दछ ?**

उत्तरः बसाई सराई गरी गएको र आएको जुन अवस्थामा पनि सम्बन्धित वडा कार्यलयमा ३५ दिन भित्र निः शूल्क दर्ता गराउनु पर्दछ र त्यसपछिको समयमा दर्ता गराए विलम्ब शुल्क तिर्नुपर्दछ।

३५. **सम्बन्ध बिच्छेद**

**सम्बन्ध विच्छेद दर्ता गर्न के कस्ता कागजपत्र आवश्यक पर्दछन् ?**

उत्तरः सम्बन्ध विच्छेद दर्ता गराउन देहाए बमोजिमका कागजपत्र आवश्यक पर्दछन्।

- ➢ सूचकको सहिछाप सहितको सूचना फाराम,
- ➢ नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- ➢ अदालतबाट सम्बन्धविच्छेद भएको फैसलाको प्रतिलिपि,
- ➢ विदेशस्थित अदालतबाट भएको फैसलाको हकमा सम्बन्धित कुटनीतिक नियोगबाट

प्रमाणित भएका अंग्रेजी भाषामा गरेको अनुवादलाई नोटरी पब्लिक वा कन्सुलरबाट प्रमाणीकरण गरेको सक्कल प्रति

३६. **सम्बन्ध विच्छेद दर्ताको सूचक को को हुन्छन्** ?

उत्तरः सम्बन्ध विच्छेदको सूचकका रूपमा पति वा पत्नी मध्ये कुनै एक रहन सक्दछन् ।

३७. **विदेशमा बस्ने नेपाली नागरिकको सम्बन्ध विच्छेद भएमा नेपालमा दर्ता गराउनु पर्छ वा पर्दैन** ?

उत्तरः विदेशमा नेपाली नागरिकको सम्बन्ध विच्छेद भएमा सम्बन्धित राष्ट्रको अदालतबाट सम्बन्ध विच्छेद भएको प्रमाण पेश गरी दर्ता गर्न सकिन्छ ।

३८. **सम्बन्ध विच्छेद गरी आमासँग रहेका बच्चाको जन्म दर्ता गर्दा आमाको स्थायी ठेगाना राख्न मिल्छ या मिल्दैन** ?

उत्तरः सम्बन्ध विच्छेद भई आमासँग रहेको बच्चाको जन्म दर्ता गर्न मिल्छ तर त्यसका निम्ति बाबुको स्थायी ठेगानामा जन्म दर्ता भए नभएको एकिन गर्नुपर्ने हुन्छ ।

३९. **पत्नी रहेको स्थायी ठेगानामा सम्बन्ध दर्ता गर्न मिल्छ वा मिल्दैन** ?

उत्तरः सम्बन्ध विच्छेद पश्चात पत्नी रहेको स्थायी ठेगानामा दर्ता गर्न मिल्दछ। यस अवस्थामा पति तर्फको स्थायी ठेगानामा रहेको पञ्जिकाधिकारी कार्यालयमा सम्बन्ध विच्छेद दर्ता भए नभएको एकिन गर्नुपर्दछ।

४०. **मृत्यु**

**मृत्यु दर्ता गर्न आवश्यक कागजपत्रहरू के के हुन् ?**

उत्तरः कुनै पनि व्यक्तिको मृत्यु दर्ता गर्न देहाए बमोजिमको कागजपत्र आवश्यक पर्दछ।

- मृतकको नागरिकताको प्रमाणपत्र (नागरिकता बनेको भएमा) वा जन्मदर्ताको प्रतिलिपि
- सूचकको सहिछाप सहितको सूचना फाराम,
- सूचकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- मृतक विदेशी भएमा सूचक र मृतकको राहदानी, प्रवेशाज्ञा तथा निज त्यस वडामा बसोबास गरिरहेको प्रमाण र सम्बन्धित मुलुकको नेपालस्थित कुटनीतिक नियोगको सिफारिस
- स्वास्थ्य संस्थामा मृत्यु भएमा त्यस संस्थाको मृत्यु प्रतिवेदन वा प्रमाण आवश्यक पर्दछ।

४१. **मृत्यु दर्ताको सूचक को हुन्छन् ?**

उत्तरः मृत्यु दर्ताको सूचकका रूपमा मृतकका बाबु वा आमा, पति वा पत्नी वा छोरा वा छोरी रहन सक्दछन् । उल्लेखित सूचक नभएको प्रमाणित भएमा परिवारको १८ वर्ष उमेर पुगेको परिवारको अन्य व्यक्ति सूचक रहन सक्छन् ।

४२. **मृत्यु दर्ता किन गर्नुपर्दछ ?**

उत्तरः घटना दर्ता अद्यावधिक गराउन, व्यक्तिको मृत्यु भएको प्रमाण कानुन र प्रशासनिक प्रयोजनका निम्ति पेश गर्न, चल अचल सम्पत्तिको हस्तान्तरण वा अधिकार प्रत्यायोजन गर्न लगायतका निम्ति मृत्यु दर्ता गराउनु आवश्यक रहन्छ ।

सामाजिक सुरक्षा भत्तामा लगत कट्टा गर्न वा विधवा प्रमाणित हुन तथा स्थानीय निकायबाट अन्य सेवा सुविधा लिन मृत्यु दर्ता गर्नुपर्दछ ।

४३. **विदेशमा मृत्यु भएको नेपाली नागरिकको मृत्यु दर्ता कसरी गर्ने ?**

उत्तरः विदेशमा कोही नागरिकको मृत्यु भएमा सम्बन्धित मुलुकस्थित नेपाली नियोगबाट प्रमाणित कागजपत्र पेश गरे पश्चात दर्ता गर्न सकिन्छ। सर्जमिन वा आधिकारिक कागजात सहितको प्रमाणको आधारमा सूचकले पेश गरेमा दर्ता गर्न सकिने प्रावधान रहेको छ ।

**४४. नेपालमा मृत्यु भएको विदेशी नागरिकको मृत्यु दर्ता गराउन मिल्छ वा मिल्दैन ?**

उत्तरः विदेशी नागरिकको नेपालमा मृत्यु भएमा दर्ता गर्न मिल्दछ। यसका निम्ति देहाएका कागजातको आवश्यकता पर्दछ।

- मृतकको राष्ट्रियता खुल्ने कागजात,
- प्रहरीको रिपोर्ट,
- अस्पतालमा मृत्यु भए सो को रिपोर्ट,
- वा नेपालस्थित सम्बन्धित विदेशी नियोगको प्रमाणित कागजात र सिफारिस पेश गर्नुपर्दछ।

**४५. वेपत्ता भएका नागरिकको मृत्यु दर्ता गर्न हुन्छ वा हुँदैन ?**

उत्तरः कोही नागरिक वेपत्ता भएमा मुलुकी देवानी संहिता २०७४ को दफा ४० बमोजिमको न्यायिक मृत्यु घोषणाको प्रमाण पेश गरेपछि मृत्यु दर्ता गर्न सकिन्छ।

❖❖

# सामाजिक सुरक्षा भत्ता सम्बन्धी जानकारी

## १. सामाजिक सुरक्षा कार्यक्रम भनेको के हो ?

उत्तरः निश्चित उमेर समूहका जेष्ठ नागरिक, एकल महिला, आर्थिक रूपले विपन्न, अशक्त र असहाय, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको जीवनयापनमा आइपर्ने सम्भावित जोखिम न्यूनीकरण गर्न तथा उपभोगमा सहयोग पुर्‍याउने उद्देश्यले नेपाल सरकारबाट सञ्चालित गैर योगदानमुलक कार्यक्रम नै सामाजिक सुरक्षा कार्यक्रम हो ।

## २. सामाजिक सुरक्षा कार्यक्रमका योग्य लाभग्राहीहरू को को हुन्छन् र भत्ता दर कति छ ?

| क्र.सं. | लाभान्वित वर्ग | भत्ता प्राप्त गर्न योग्य उमेर र अवस्था | मासिक रकम रु. |
|---|---|---|---|
| १. | ज्येष्ठ नागरिक | ज्येष्ठ नागरिक (६८ वर्ष उमेर पुगेका) | ४००० |
| २. | अन्य ज्येष्ठ नागरिक दलित नागरिक | ६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरुका नागरिक, ६० वर्ष उमेर पुगेका देशभरिका दलित नागरिक | २६६० |
| ३. | एकल महिला | ६० वर्ष उमेर पुगेका सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका, न्यायिक पृथकिकरण गरी बसेका महिला | २६६० |
| ४. | विधवा | पतिको मृत्यु भएका जुनसुकै उमेरका महिला | २६६० |
| ५. | पूर्ण अपाङ्गता भएका | सम्बन्धित निकायबाट 'क' वर्ग अर्थात् रातो रंगको अपाङ्गता परिचय पत्र प्राप्त गरेका जुनसुकै उमेरका नागरिकहरू | ३९९० |
| ६. | अति अशक्त अपाङ्गता | सम्बन्धित निकायबाट 'ख' वर्ग अर्थात् नीलो रंगको अपाङ्गता परिचय पत्र प्राप्त गरेका जुनसुकै उमेरका नागरिकहरू | २१२८ |
| ७. | लोपोन्मुख जाति | कसुन्डा, राउटे, हायु, किसान, मेचे, वनकरिया, सुरेली, राजी, कसवारिया (पत्थरकट्टा सुलकट कुशबधिया र कुचबधिया) | ३९९० |
| ८. | बालबालिका | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को अनुसूची (५) बमोजिम नेपाल सरकारले तोकेका क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका र एक आमाबाट जन्मिएका बढीमा दुई सन्तानलाई | ५१६ |

उत्तरः सामाजिक सुरक्षा (पहिलो संशोधन) ऐन, २०७९ मा उल्लेख भए अनुसार सामाजिक सुरक्षा भत्ता कार्यक्रमका लाभग्राही तथा भत्ता दर देहाय अनुसार रहेको छ।

३. **सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न कहिले, कहाँ र कसरी निवेदन दिनुपर्छ ?**

उत्तरः सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीले जुनसुकै समयमा आफ्नो स्थायी बसोबास भएको वडा कार्यालयमा उपस्थित भई सामाजिक सुरक्षा (पहिलो संशोधन) ऐन, २०७९ को अनुसूची १ बमोजिमको तोकिएको ढाँचामा निवेदन दिनुपर्छ । यसरी निवेदन दिएका योग्य लाभग्राहीले निवेदन दिई निवेदक उपर छानविन भई प्रणालिमा प्रविष्ट भएको अर्को महिनाबाट भत्ता प्राप्त गर्न सक्दछन् ।

४. **सामाजिक सुरक्षा भत्ता प्राप्त हुन के के कागजपत्र पेश गर्नुपर्दछ ?**

उत्तरः सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न देहाय बमोजिमका कागजपत्र पेश गर्नुपर्दछ।

| लाभग्राहीको प्रकार | कागजपत्र |
|---|---|
| ज्येष्ठ नागरिक (६८ वर्ष उमेर पुगेका) | • नेपाली नागरिकता प्रमाणपत्र<br>• तोकिएको ढाँचामा निवेदन |
| ज्येष्ठ नागरिक दलित र क्षेत्र तोकिएका (६० वर्ष उमेर पुगेका | • नेपाली नागरिकता प्रमाणपत्र<br>• तोकिएको ढाँचामा निवेदन |
| ज्येष्ठ नागरिक एकल महिला | • नेपाली नागरिकता प्रमाणपत्र<br>• न्यायिक पृथकीकरण गरी बसेको हकमा न्यायिक पृथकीकरण भएको कागजात<br>• सम्बन्ध विच्छेद भएको हकमा सोको प्रमाणपत्र<br>• विवाह नगरेका महिलाको हकमा स्थानीय तहको रिफारिस |
| विधवा | • नेपाली नागरिकता प्रमाणपत्र<br>• पतिको मृत्यु दर्ताको प्रमाणपत्र |
| पूर्ण अपाङ्गता भएका नागरिक | • स्थानीय तहबाट जारी 'क' वर्गको अपाङ्ग परिचयपत्र (रातो कार्ड)<br>• १६ वर्ष पुगेको हकमा नेपाली नागरिकता प्रमाणपत्र<br>• नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्र |
| अति अशक्त अपाङ्ग | • स्थानीय तहबाट जारी 'ख' वर्गको अपाङ्ग परिचयपत्र (निलो कार्ड)<br>• १६ वर्ष पुगेको हकमा नेपाली नागरिकता प्रमाणपत्र<br>• नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्र |
| लोपन्मुख जाति | • नेपाली नागरिकता प्रमाणपत्र<br>• सामाजिक सुरक्षा ऐन, २०७५ को अनुसूची १ मा व्यवस्था भए अनुसारको जातजाती |
| बालपोषण भत्ता | • जन्म दर्ताको प्रमाणपत्र<br>• बाबु वा आमाको नागरिकता प्रमाणपत्र<br>• बाबु वा आमा नभएमा संरक्षक वा स्याहार सुसार गर्ने व्यक्तिको नागरिकता |

## ५. सामाजिक सुरक्षा भत्ता वितरणमा वडा कार्यालयले के के गर्नुपर्छ ?

उत्तरः निवेदन लिने र दर्ता गर्ने ।

निवेदकको आवश्यक कागजात रुजु गर्ने ।

प्रणालीमा नाम प्रविष्टी गर्ने ।

लगत कट्टा गर्ने ।

लाभग्राहीको गुनासो सम्बोधन गर्ने ।

भत्ता वितरण अर्थात खातामा गए पश्चात नाम सार्वजनिक गर्नुपर्ने ।

६. **बैंक खाता खोल्न व्यक्ति उपस्थित हुनुपर्छ कि पर्दैन ?**

उत्तरः स्थानीय तहले योग्य लाभग्राहीको सूची अनलाईन प्रणालीमार्फत सम्बन्धित बैंकमा पठाएपछि उक्त बैङ्कले शून्य मौज्दातमा खाता खोली रकम जम्मा गर्छ। तर लाभग्राहीले पहिलो पटक भुक्तानी लिन जाँदा नागरिकता प्रमाण पत्र, फोटो लगायतका प्रमाण लिई स्वयं उपस्थित भई आफ्नो बैंक खाता सकृय गराउनुपर्छ ।

७. **प्रश्नः बैंक खातामा जम्मा भएको सामाजिक सुरक्षा भत्ता रकम तत्काल निकाल्नुपर्छ ?**

उत्तरः लाभग्राहीले आफ्नो बैंक खातामा जम्मा भएको सामाजिक सुरक्षा भत्ता रकम आफ्नो अनुकूल समयमा निकाल्न सक्दछन् । बैंक खातामा जम्मा भएको रकममा अन्य बचत खाता सरह ब्याज समेत प्राप्त हुन्छ । एक आर्थिक बर्षमा एकपटक पनि कारोबार नभएमा सम्बन्धित स्थानीय तह र बैंकले खातावालाको अवस्था यकिन गर्नुपर्ने हुन्छ ।

८. **बैंकमा जम्मा भएको रकम जुन बैंकमा खाता छ त्यहिबाट मात्र झिक्न मिल्छ कि अरू शाखाबाट पनि झिक्न मिल्छ ?**

उत्तरः बैंकमा जम्मा भएको सामाजिक सुरक्षा भत्ता अन्य बचत जस्तै चेक बुक तथा एटिएम मार्फत बैंकको जुनसुकै शाखाबाट झिक्न सकिन्छ।

९. **सामाजिक सुरक्षा भत्ता लाभग्राहीका लागि बैंकबाट के कस्ता सुविधा प्राप्त हुन्छ ?**

उत्तरः लाभग्राहीको खाता रहेको बैंकले सम्बन्धित खातावालालाई नियमानुसार चेक, एटिएम, मोबाइल बैंकिङ्ग तथा एसएमएस बैंकिङ्ग सुविधा प्रदान गर्छ।

१०. **पूर्ण अपाङ्गता तथा ९० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकले बैंक खाता मार्फत कसरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सक्छन् ?**

उत्तरः ९० वर्ष माथिका जेष्ठ नागरिक, पूर्ण अपाङ्ग भएका व्यक्ति, आफ्नो हेरचाह आफै गर्न नसक्ने लाभग्राहीको हकमा संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्ने व्यवस्था छालाभग्राहीको अनुरोधमा संरक्षकको संयुक्त दस्तखतबाट संयुक्त खाता सञ्चालन गर्न र सो पनि सम्भव नभएका लाभग्राहीको हकमा संरक्षकको दस्तखतबाट मात्र पनि खाता सञ्चालन गरी भत्ता प्राप्त गर्न सकिन्छ।

११. **लाभग्राहीको खातामा रकम जम्मा गरेपश्चात बाँकी भएको रकम नेपाल सरकारलाई फिर्ता गर्दा सम्बन्धित बैंकले ब्याज सहित फिर्ता गर्नुपर्छ कि पर्दैन ?**

उत्तरः बैंकले लाभग्राहीको खातामा रकम जम्मा गरेपश्चात बाँकी भएको रकम व्याज सहित नेपाल सरकारको सञ्चित कोषमा फिर्ता गर्नुपर्छ ।

१२. **सामाजिक सुरक्षा भत्ता वितरण बारे स्थानीय तह र बैंक शाखावीच समन्वय तथा सहजीकरण गर्नु परेमा कसरी गर्न सकिन्छ ?**

उत्तरः सामाजिक सुरक्षा भत्ता वितरणका लागि स्थानीय तह बैंकिङ्ग समस्या तथा समाधान समिति मार्फत सहजीकरण गर्न सकिन्छ।उक्त निकायबाट पनि समाधान हुन नसकेमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट सहजीकरण हुन्छ ।

१३. **Forward Feed / Reverse Feed भनेको के हो ?**

उत्तरः स्थानीय तहले तयार गरेको भत्ता प्राप्त गर्ने लाभग्राहीको सूचि Forward Feed हो । उक्त सूचिको आधारमा बैंकले सम्बन्धित व्यक्तिका नाममा जम्मा गरेको बैंक खाता सहितको सूचि Reverse Feed हो ।

१४. **सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न उमेरको गणना कसरी गर्ने ?**

उत्तरः बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्र र अन्य योग्य लाभग्राहीको हकमा नागरिकता प्रमाणपत्रमा उल्लेखित उमेरलाई आधार मानिन्छ।नागरिकता प्रमाणपत्रमा जन्मिएको साल र महिना खुलेको तर गते नखुलेको भएमा उल्लेखित महिनाको मसान्त र

साल मात्र उल्लेख भएको हकमा नागरिकता जारी मितिलाई आधार मानिन्छ ।

१५. **४० वर्ष उमेर पुगेका एकल महिलाले भत्ता पाउँछन्** ?

उत्तरः सामाजिक सुरक्षा (पहिलो संसोधन) ऐन, २०७९ अनुसार असहाय एक महिला भत्ताको व्यवस्था गरेको छ । जसमा विधवा, नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेकोभन्दा न्यून आय भएका र पालन पोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएका वा त्यस्तो सदस्य भए पनि आर्थिक रूपले विपन्न अवस्थामा रहेका वा त्यस्तो सदस्यले पालन पोषण नगरेका अन्य एकल महिलाले मात्र यस्तो भत्ता पाउँछन् । तर यो सूचना नेपाल राजपत्रमा प्रकाशन हुनुपर्ने व्यवस्था छ। हाल उक्त सूचना प्रकाशन नभएकोले ४० वर्ष उमेर पुगेका एकल महिलाले भत्ता पाउने अवस्था छैन ।

१६. **सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले सामाजिक सुरक्षा भत्ताको परिचयपत्र कहिलेसम्म नवीकरण गराईसक्नुपर्छ** ?

उत्तरः सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रमा सम्बन्धित वडा कार्यालयमा आफै उपस्थिति भई आफ्नो परिचयपत्र नविकरण गर्नुपर्दछ।आ. व. २०८०/८१ देखि श्रावण र भाद्र महिना भित्र नवीकरण गरिसक्नुपर्छ ।

**१७. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले आफ्नो नाम/परिचयपत्र तोकिएको समयमा नविकरण गर्न छुटेमा के गर्नुपर्छ ?**

उत्तरः नवीकरण गर्न छुटेका लागभ्राहीले पूनः सम्बन्धित वडा कार्यालयमा गई नयाँ लाभग्राही सरह नाम दर्ता गराउनुपर्छ। यसरी प्राप्त निवेदनका आधारमा विभागको अनलाईन प्रणालीमा प्रविष्ट गरेपछि अर्को महिनाबाट भत्ता प्राप्त गर्न सकिन्छ । तोकिएको अवधिमा नवीकरण नभएमा उक्त अवधिको सामाजिक सुरक्षा भत्ता प्राप्त हुँदैन ।

**१८. एक व्यक्तिले एक भन्दा बढी लक्षित समूहबाट भत्ता प्राप्त गर्न मिल्छ वा मिल्दैन ?**

उत्तरः एक भन्दा बढी लक्षित समूहमा योग्य हुने लाभग्राहीले निजले रोजेको कुनै एक समूहबाट मात्र भत्ता प्राप्त गर्न सक्छन् । दोहोरो सामाजिक सुरक्षा भत्ता प्राप्त वा उपलव्ध गराउन मिल्दैन ।

**१९. कुनै व्यक्तिले दोहोरो सामाजिक सुरक्षा भत्ता बुझेमा के कारवाही हुन्छ ?**

उत्तरः कुनै व्यक्तिले दोहोरो भत्ता बुझेमा त्यस्ता व्यक्तिको नाम अभिलेखबाट तत्काल हटाई प्रचलित कानून बमोजिम कारवाही गरी बुझेको भत्ता रकम सरकारी बाँकी सरह असुल उपर गरी विगो बमोजिम जरिवाना समेत हुन्छ ।

२०. **सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न स्थायी बसोबास भन्दा अन्यत्र नाम दर्ता गर्न मिल्छ कि मिल्दैन** ?

उत्तरः योग्य लाभग्राहीले स्थायी बसोबास गरेको वडा कार्यालयमा मात्र नाम दर्ता गराउन मिल्छ ।

२१. **भत्ता प्राप्त गर्ने व्यक्ति बसाइ सराइ गरी गएमा के हुन्छ** ?

उत्तरः लाभग्राहीले बसाईसराई गरेपछि अब बसोबास गर्ने स्थानीय तहको वडा कार्यालयमा बसाईसराई प्रमाणपत्र तथा भत्ता प्राप्त गरेको विवरण तथा लगत कट्टाको विवरण उपलब्ध गराउनुपर्दछ । सोही को आधारमा सरी जाने ठाँउबाट नियमित भत्ता प्राप्त हुन्छ ।

२२. सामाजिक सुरक्षा भत्ताको लाभग्राही सूचीबाट कुन कुन अवस्थामा लगत कट्टा हुन्छ ?

उत्तरः लाभग्राहीको मृत्यु भएमा,
बालबालिकाको हकमा ५ वर्ष उमेर पूरा भएमा,
बसाइँ सराइ गरेमा,
एकल वा विधवा महिलाले विवाह गरेमा,
दोहोरो दर्ता कायम भएमा,
कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्त, निर्वाचित वा मनोनित भई बहाल रहेको व्यक्ति, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको वा आंशिक स्वामित्व भएको संगठित संस्थाबाट नियमित रूपले पारिश्रमिक, निवृत्तिभरण, अवकाश सुविधा वा अन्य

सुविधा पाइरहेको भएमा
परिचयपत्र नवीकरण नगरेमा,
सामाजिक सुरक्षा भत्ता स्वेच्छाले त्याग गर्न चाहेमा,

२३. **सामाजिक सुरक्षा भत्ता स्वेच्छाले लिन नचाहेमा के हुन्छ ?**

उत्तरः योग्य लाभग्राहीले सामाजिक सुरक्षा भत्ता त्याग गर्न चाहेमा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ। तत्पश्चात वडा कार्यालयले निजलाई लाभग्राहीको सूचिबाट लगत कट्टा गरी सो को विवरण सम्बन्धित स्थानीय तहमा जानकारी दिने र स्थानीय तहले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा जानकारी गराउनु पर्ने हुन्छ। स्थानीय तह/पालिका र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले त्यस्ता व्यक्तिलाई सम्मान गरी प्रमाणपत्र उपलब्ध गराउँछ।

२४. **एकल महिला तथा विधवा महिलाले विवाह गरेको जानकारी प्राप्त भएको तर विवाह दर्ता नभएको अवस्थामा लगत कट्टा गर्न मिल्छ कि मिल्दैन ?**

उत्तरः स्थानीय जनप्रतिनिधि, कर्मचारी तथा अन्य कुनै विश्वासनीय स्रोतबाट विधावा महिलाले विवाह गरेको जानकारी प्राप्त भएमा सर्जमिन मुचुल्का वा विवाह गरि गएको सम्बन्धित स्थानीय तहको जानकारी पत्र लगायतबाट विवरण यकिन गरी विवाह गरेको पुष्ट्याई भएमा लगतकट्टा गर्नुपर्दछ।

**२५. गैरदलितसँग मिल्दो थर भएका दलित जातिका लाभग्राहीहरूलाई सामाजिक सुरक्षा भत्ता दिन मिल्छ ?**

उत्तरः दलित जाति अन्तर्गत प्रदान गरिने सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरूको सूचिकरण गर्दा राष्ट्रिय दलित आयोगले प्रकाशन गरेको जातीय अनुसूची बमोजिमको जाति तथा थर अनुसार गर्नुपर्छ । उक्त अनुसूचीमा उल्लिखित थर बाहेक अन्य थर उल्लेख भएका दलित जातिका व्यक्तिहरूको हकमा जिल्ला प्रशासन कार्यालयले गरेको सिफारिसको आधारमा हुनेछ ।

**२६. लोपोन्मुख जाति र दलित जातिका महिलाले अन्य जातिसँग विवाह गरेमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्न मिल्छ ?**

उत्तरः नागरिकता प्रमाणपत्रमा सम्बन्धित जाति/थर उल्लेख भएमा सामाजिक सुरक्षा भत्ता दिन मिल्छ ।

**२७. निवृत्तभरण प्राप्त गर्ने व्यक्तिको मृत्यु भई निजको हकवालाको नाममा नामसारी हुदाँ हकवालाले प्राप्त गरिरहेको सामाजिक सुरक्षा भत्ता के हुन्छ ?**

उत्तरः यस्तो अवस्थामा निवृतभरण वा सामाजिक सुरक्षा मध्ये एक रोज्नुपर्ने हुन्छ । निवृतभरण रोजेमा निजले पाउने सामाजिक सुरक्षा भत्ता कट्टा हुन्छ ।

**२८. नवीकरण गर्ने अवधिमा नवीकरण नहुदै लाभग्राहीको मृत्यू भएमा निजको हकवालालाई सामाजिक सुरक्षा भत्ता भुक्तानी दिन मिल्छ कि मिल्दैन ?**

उत्तरः सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको लाभग्राही सूचीबाट लगत कट्टा गरी मृत्यु भएको दिनसम्मको सामाजिक सुरक्षा भत्ता मृतकको हकदारलाई बैकिङ्ग प्रणालीमार्फत भुक्तानी हुन्छ। खातामा बाँकी रहेको रकम खाता बन्द गराई नेपाल सरकारको सञ्चित कोषमा दाखिला/फिर्ता गर्नुपर्छ।

२९. **सामाजिक सुरक्षा भत्ता सम्बन्धी गुनासो कहाँ दर्ता गर्न सकिन्छ ?**

उत्तरः सामाजिक सुरक्षा भत्ता सम्बन्धी गुनासो सम्बन्धित वडा कार्यालय वा स्थानीय तह वा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा वा अन्य सम्बन्धित सरकारी निकायमा गुनासो दर्ता गर्न सकिन्छ।

३०. **सामाजिक सुरक्षा भत्ता सम्बन्धी कसूर तथा सजायको कारवाही किनारा कसले गर्छ ?**

उत्तरः विवरण ढाँटी सामाजिक सुरक्षा भत्ता लिएमा, ऐन तथा नियम विपरित सामाजिक सुरक्षा भत्ता लिएमा, संरक्षक माथवर तथा स्यहारसुसार गर्नेले भत्ता दुरूपयोग गरिदिएमा, गलत विववरण पेश गरेमा स्थानीय तहको न्यायिक समितिले कानून अनुसार कारवाही गर्छ।सामाजिक सुरक्षा भत्ता वितरण गर्ने अधिकारीले भत्ताको दुरूपयोग गरेमा प्रचलित कानून अनुसार कारवाही हुन्छ।

❖❖

